# मालिका विकास संघ नेपाल

## आ.व. ०७६/०७७ को वार्षक प्रगती प्रतिवेदन

मालिका विकास सँघ-नेपाल यस अछाम जिल्लामा कार्यरत एक स्वतन्त्र गैर मुनाफा रहित सामाजिक सँस्था हो । मालिका विकास संघ-नेपाल २०५० साल चैत्र १५ गतेका दिन जिल्ला प्रशासन कार्यालय अछाममा दर्ता भएको हो । जिल्ला प्रशासन कार्यालय अछामको अभिलेख अनुसार यसको दर्ता नं १२ रहेको छ । मालिका विकास संघ-नेपाल समाज कल्याण परिषदमा आवद्ध भई समाज कल्याण परिषदको अभिलेख अनुसार यसको आवद्धता नं १६३८ रहेको छ । मालिका विकास संघ नेपाल गैर सरकारी संस्था महासंघ नेपाल, राष्ट्रिय यूवा गैर सरकारी संस्था महासंघ नेपाल लगायतका छाता संगठनहरुमा आवद्ध छ ।

मालिका विकास संघ-नेपालले विगत २७ वर्ष देखी अछाम जिल्लामासमाजका पछाडि पारिएका वर्ग, दलित, महिला, जनजाती र बालबालिकाहरुको सामाजिक विकास, आर्थिक विकास, शैक्षिक विकास, वातावरणीय विकास, भौतिक पूर्वाधार विकास, रुपान्तरणीय प्रणालीका क्षेत्रमा काम गर्दै आई रहेको छ । मालिका विकास संघ-नेपालले आफ्नो स्थापनाकाल देखिनै विभिन्न सरकारी तथा अन्तर्राष्ट्रिय गैरसरकारी निकायहरुसँग साझेदारी गर्दै यस जिल्लाका विभिन्न स्थानीयतहमा सामाजिक परिचालन, क्षमता विकास, महिला सशक्तिकरण, संस्थागत विकास, कृषि तथा वनमा आधारित आयमुलक क्रियाकलाप, खानेपानी तथा सरसफाई,सामुदायिक वन व्यवस्थापन, भौतिकपूर्वाधार निर्माण, सामाजिक जवाफदेहिता, मानव अधिकार महिला अधिकार, बाल अधिकार, सुशासन, लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरणका क्षेत्रमा आफ्ना क्रियाकलापहरु क्रमिकरुपमा अघाडी बढाउदै आईरहेको छ ।

मालिका विकास संघ-नेपालमा ६९ जना आजिवन र साधारण सदस्यहरु, ९ जना कार्यसमिति सदस्यहरु र २२ जना कर्मचारीहरु रहेका छन । कार्यसमितिमा ३ जना महिला र ३ जना दलित समुदायका व्यक्तित्वहरुको प्रतिनिधित्व रहेको छ । कर्मचारीहरुमा ३ जना दलित, ५जना महिला, १४जना अन्य मालिका विकास संघ नेपालद्वारा सञ्चालित कार्यक्रम तथा परियोजनाहरुमा कार्यरत रहेका छन ।

मालिका विकास संघ नेपालले यस अवधीमा अछाम जिल्लाको साँफेवगर नगरपालिका, बान्नीगढी जयगढ गाउँपालिका, मंगलसेन नगरपालिको वडा नं. ४, ५, १२, १४, पञ्चदेवल विनायक नगरपालिका वडा नं. १, २, ४, ५ र चौरपाटी गाउँपालिका वडा नं. १, २, ३, ४, साकार, स्मार्ट,गिफ्ट क्याटलक, सुशासन र परिवर्तनपरियोजना संचालन गर्दै आईरहेको छौ। जसमा ग्रामीण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरणसँगको साझेदारीमा रामारोशन गाउँपालिकाको जलउपयोग गूरुयोजना निर्माण गर्ने कार्य पनि यही वर्ष सम्पन्न भएको छ । परियोजनाहरु मार्फत मालिका विकास संघ नेपालले समुदायस्तरमा सामाजिक परिचालन, क्षमता विकास, जीविकोपार्जन, सामाजिक जवाफदेहिता, सुशासन तथा प्रविधिको विकास, लैंङ्गिक समानता तथा सामाजिक समावेशिकरण क्षेत्रमा काम गरिरहेको छ । मालिका विकास संघ-नेपालले हाल डान चर्च एड (डिसीए)अन्तराष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (सेसी) संग साझेदारी गरीसाकार, स्मार्ट, गीफ्ट,परिवर्तन र सुशासनपरियोजना निरन्तररुपमा सञ्चालन गरी रहेको छ । संस्थासँग साझेदारी गदै आईरहेका साझेदार संस्था डिसिय नेपाल, सेसी नेपाल र ग्रामिण जलस्रोत व्यवस्थापन परियोजना तेस्रो चरण प्रति हार्दिक धन्यवाद दिदै निरन्तर साझेदारीका लागि आग्रह गर्दछौ ।

| नीति | प्रस्ताव/निर्णय तथा प्रगति |
|---|---|
| संस्थालाई समय सामेक्ष बनाउन संस्थाको विधानको अधिनमा रहेर नीति, नियम तथा निर्देशिका बनाउने वा परिमाजर्जन गर्ने | संस्थाको विधान २०५० पाचौं संशोधन २०७४ लाई संशोधन गर्नु पर्ने ।<br>संगठानात्क नियमावली २०६४ संशोधन गर्नु पर्ने<br>आर्थिक प्रशासन नियमावली संशोधन गर्नु पर्ने ।<br>कर्मचारी सेवा नियमावली संशोधन गर्नु पर्ने । |
| आचार संहिता तथा नियमावली | कार्य समितिका पदाधिकारी र कर्मचारीहरुको लागि आचारसंहिता २०६६ मा हेरफेर गर्ने |
| | संस्थाको भ्रष्टाचार निवारण नीति २०६६ निर्माण तथा कार्यान्वयन |
| | संस्थाको आर्थिक प्रशासनिक नियमावली २०६५ र कर्मचारी सेवा |

| | |
|---|---|
| | नियमावली २०६६ को निर्माण गरी कार्यान्वयन । |
| **परियोजनाको प्रस्तावना लेखन र पेश गर्ने** | हामी विभिन्न साझेदार निकायसँग साझेदारी गर्न प्रस्तावना लेखनका लागि प्रयास गरिरहेका छौ । अवसरको खोजीमा छौ । हामी संस्थालाई अगाडी बढाउन स्थानीय तह, प्रदेश सरकारसँगको साझेदारीका लागि पनि प्रयत्न गरिरहेको छौ । स्थानीय तहसँग क्रियाकलापगत रुपमा साझेदारी भएता पनि संस्थागत हुन सकिरहेका छैनौ । मालिका विकास संघ नेपालका केही नयाँ अभ्यासलाई थप अन्य स्थानीय तहसँग लैजान समन्वय सहकार्यमा जोड दिई रहेका छौ । |
| **संस्थाको भौतिक पुर्वाधारको विकास गर्दै जाने** | सँस्थाकाले आफ्नै घरबनाउन ०.५ रोपनी जग्गा खरीद गरी आफ्नै घर बनाउने लक्ष्य राखेको छ |
| **मानव संशाधनविकास** | सामाजिक परिचालन तथा नेतृत्व विकास, लेखा व्यवस्थापन, उद्यमशीलता, जेण्डर, प्रकोप व्यवस्थापन, स्थानीय निकाय सुशासन तथा प्रविधिको प्रयोग र विकास (टुल्स),सामाजिक जवाफदेहिता, व्यवसायिक योजना निर्माण सम्बन्धि क्षेत्रमा सँस्थापदाधिकारी तथा कर्मचारीहरुलाई सहभागि गराईएको छ । |
| **संस्थाकोको आन्तरिक विकासमा जोड दिने** | ● वेवसाईट अपडेट भईरहेको ।<br>● इन्टरनेट सेवा सञ्चालनमा रहेको ।<br>● आवश्यकता अनुसार संस्था नीतिहरु परिष्कृत गरिएका ।<br>● सामाजिक लेखा परिक्षण सञ्चालन भएको ।<br>● कार्यक्रमहरुको अनुगमनमा निरन्तरता दिईएको ।<br>● कार्यसमितिको नियमित बैठक तथा छलफल, कर्मचारीका बीचमा साप्ताहिक वैठकको आयोजना गरि समिक्षा र योजना बनाउने गरेको ।<br>● नियमित रुपमा साधारण सभागर्ने गरिएको । साथै संस्थाको आन्तरिक व्यवस्थापनलाई चुस्त दुरुस्त, पारदर्शि बनाउन विभिन्न प्रयास जारी राखेकोका छौ । नियमित रुपमा संस्थाका पदाधिकारी, कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि कार्ययोजना बनाई क्षमता विकासका काम गर्ने प्रतिवद्धता जाहेर गर्दछौ । |

**संस्थाका उपलब्धीहरु**

- संस्थामा आवश्यक पर्ने ऐन, नियम, नीति, निर्देशिकाहरुको निर्माण गरि कार्यान्वयनमा रहेका छन
- संस्थासंग सुशासन, योजना तर्जुमा र कार्यान्वयन, कृषि बिकास, भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई र मानव अधिकार जस्ता क्षेत्रमा बिज्ञ जनशक्ति भएको र आवश्यक परेको बेला प्रयोग गर्न सकिने ।
- बिभिन्न सहयोगि निकाय र नेपाल सरकारका निकायहरुसंग सम्पर्क समन्वय गरि अछामको जिल्लाको भौतिक पूर्वाधार, खानेपानी तथा सरसफाई, कृषि विकास, सिचाई, सुशासन र स्थानिय सरकारको नीति निर्माणमा थोरै भए पनि सहयोग गर्न सकिएको ।
- स्थानीय सरकारलाई सुशासन (विद्युतीय शासन) तथा प्रविधिको क्षेत्रमा सहयोग ।
- संस्थाले स्थानीय सरकारसँगको सहकार्यमा खुल्ला तथ्यांकको अभ्यास गरि रहेको छ ।
- संस्थासंग आवश्यक जग्गा र प्रयाप्त मात्रमा उपकरणहरुको व्यवस्था गर्नसफल भएको छ ।
- स्थानिय, प्रदेश र राष्ट्रिय सञ्जालको सदस्य बन्न र नेतृत्व गर्न सफल भएको छ ।

**स्थानीय तहसँगको समन्वय सहकार्य र समझदारी**

- बान्नीगढी जयगढ गाउँपालिकासँग पञ्चवर्षिय कृषि तथा पशु विकास रणनीति तयार गर्न बान्नीगढी जयगढ गाउँपालिका, लिवर्डसँग साझेदारीमा सम्पन्न भएको जसका लागि गाउँपालिकासँग ७ लाख, लिवर्ड नेपाल रु ४६५००० र मालिका विकास संघ नेपाल रु.१८७७५० साझेदारी भएको ।
- बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ५ कालिकामा सामुदायिक सुचना प्रविधि केन्द्र भवन निर्माणका लागि १ लाख ६० हजार नगद साझेदारी भएको ।
- बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ५ कालिकामा सामुदायिक सुचना प्रविधि केन्द्र भवन निर्माणका लागि स्थानीय वासि टेक बहादुर रावल वाट २ रोपनी जग्गा प्राप्त भएको ।
- बान्नीगढी जयगढ गाउँपालिका जनप्रतिनिधिहरुलाई डिजिटल साक्षरता कक्षा संचालनका लागि रु १ लाख साझेदारी भएको ।
- साफेवगर नगरपालिका वडा नं. ८ चण्डिकामा सामुदायिक सुचना प्रविधि केन्द्र स्थापनाका लागि ५० हजार सहयोग भएको ।
- साफेवगर नगरपालिका र वान्नीगढी जयगढ गाउँपालिकामा खुल्ला तथ्यांक दिवस कार्यक्रम संचालन गर्न १ लाख ५० हजार साझेदारी भएको ।
- चौरपाटी गाउँपालिकामा व्यवसायीक वाखा पालनका लागि मालिका विकास संघ नेपाल गिफ्ट परियोजना, गाउँपालिका र व्यवसायीवाट साझेदारी भएको जसमा गाउँपालिकाको १५,४२७७६ लाख, व्यवसायीको रु ९,८०,००० लाख लागत साझेदारी भएको ।

**सँस्था चुनौतिहरु** :

- कार्य समिति तथा बिभिन्न उप समितिहरुका पदाधिकारीहरुले संस्थाको संस्थागत विकासमा भने जति समय दिन नसकि रहेको ।
- गैसस व्यवस्थापन तथा परिचालन सम्बन्धमा सरकारको नीति प्रष्ट नहुनु ।
- स्थानिय सरकार र समुदायका मानिसहरु सँस्था प्रति धेरै आशावादी भएको अवस्था । संस्थाले प्रयाप्त मात्रामा साधान स्रोत जुटाउन नसकि रहेको अवस्था ।
- सरकार र समुदायको संघ संस्था हेर्ने दृष्टिकोणमा परिवर्तन आई नसकेको अवस्था ।
- सहयोगी संस्थाहरुले मानविय स्रोत ब्यवस्थापन गर्नमा संस्थाका नीतिहरु कार्यान्वयन गर्नमा कन्जुस्याई ।

**संस्थाका सिकाईहरु**

- संस्थाले विषयगत विज्ञता हासिल गरि निश्चित क्षेत्रमा आफ्नो विज्ञता प्रदर्शन गर्नु पर्ने ।
- स्थानीय सरकार र सरोकारवालाहरुसँगको समन्वय सहकार्यलाई बढाउदैजानु पर्ने ।
- संस्थागत रुपमा लक्षित वर्गसँगको सम्बन्ध प्रगाढ बनाउनु पर्ने ।
- तरकारी खेतिको बजारीकरण र संकलनकेन्द्र ब्यवस्थापनमा ध्यान दिनु पर्ने ।
- संस्थाले सुशासन पारदर्शिता र जवाफदेहितालाई संस्थागत रुपमा प्रवर्द्धन गर्नु पर्ने ।
- स्थानिय सरकार र अन्य संघ संस्थाहरुसंग मिलेर कार्यक्रम सञ्चालन गर्दा थप प्रभावकारी भएको ।

**मालिका विकास संघ नेपालद्वारा सञ्चालित कार्यक्रमहरुको प्रगति प्रतिवेदन**

| | | | |
|---|---|---|---|
| १ | **कार्यक्रमको नाम** | : | **साकार परियोजना/स्मार्ट/गीफ्ट** |
| | **कार्यक्रमको उद्देश्य** | : | ● कृषि उत्पादनलाई आधुनिकिकरण गरि वजार र उपभोक्ताको रुचि अनुसार वजारीकरण गरि कृषकहरुको आय आर्जनमा सुधार भै समुदायको आयआर्जनमा वृद्धि गर्ने ।<br>● कृषि उपजहरुमा उत्पादनमा वृद्धि गरि मुल्य श्रृखलाका आधारमा जीविकोपार्जनमा सुधार गर्ने ।<br>● चौरपाटी गाँउपालिकामा व्यवसायिक रुपमा वाख्रापालन व्यवसायलाई वढवा दिई कृषकहरुको जीवनस्तरमा सुधार गर्ने । |
| | **परियोजनाको रणनीति** | | ● मुल्यश्रृँखला तथा बजार विकासमा सहयोग । (उत्पादन बृद्धिका लागि पहिचान गरिएका वालीहरुको बीउवीजन सहयोग साथै साना उद्योगको विकासका लागि सहयोग गर्ने ।<br>● वातावरणमैत्री औजार तथा प्रविधिको सहयोग ।<br>● किसानहरुको सेवामा पहुँच विस्तारका लागि पैरवी तथा वकालतमा सहयोग । |
| | **परियोजनाको विषयगत क्षेत्र** | | ● सामाजिक परिचालन तथा क्षमता विकास<br>● जीविकोपार्जन<br>● बजारीकरण |
| | **कार्यक्रमको अवधि** | : | **२०१७ देखि २०१९ सम्म** |
| | **दातृ निकाय** | : | **डान चर्च एड नेपाल** |
| | **कार्यक्रमको सम्झौता रकम** | : | **रकम रु. १,२७,८१,४३८।००**<br>**(डिसिए नेपाल रु १,१४,४५,४३८, वाजगापा, ८,७१,०००, लिर्वड ४,६५,०००)** |
| | **खर्च रकम रु** | | **रु. ९६,१००५३।००** |
| | **सामाजिक परिचालन** | : | ● बान्नागढी जयगढ गाउँपालिकाका ६ वटै वडाहरुमामा ६५ कृषि समुह, ६ वटा सहकारी, २ संकलन केन्द्र, २ वटा उपसंकलन केन्द्र<br>● सबै कृषक समुह तथा संरचनाहरुमा ७० प्रतिशत महिला सदस्य । |
| | **क्षमता विकास** | : | ● मौषमी तथा वेमौषमी टनेल भित्र उच्च मुल्यका तरकारी उत्पादन प्रविधि तालिम २५ जना ।<br>● सहकारी संस्था, कृषक समुह तथा अगुवा कृषकहरुका लागि वित्तिय साक्षरता तथा बजार बजारीकरण सम्बनिध तालिम २४ जना<br>● वाख्रा पालन, खोर व्यवस्थापन रोग व्यवस्थापन सम्बन्धि तालिम १४ जना<br>● स्मार्ट कोप एप्प संचालनका लागि २५० जनालाई समुहस्तरमा तालिम प्रदान गरेको । |
| | **आयआर्जन क्रियाकलाप** | : | ● ३५ जना अगुवा कृषकहरुलाई व्यवसायीक कृषि विकासका लागि लैगिंक मैत्री कृषि सामाग्रीहरु वितरण ।<br>● १०० जना कृषकलाई विउविजन तथा कृषि सामाग्री वितरण (काउली, बन्दा, टमाटर, सीमी, मुला, आदी)<br>● १०० जना कृषकलाई अदुवा र वेसार २४ सय केजी वितरण ।<br>● ३५ जना किसानहरुलाई ६ सय आप, लिचि र कागतीका विरुवाहरु वितरण ।<br>● चौरपाटी गाउँपालिका १४ जनालाई स्थानीय प्रजातिका वाख्रा र वोयर वोका तथा सामाग्री वितरण प्रति परिवार १५ का दरले । |
| | **भौतिकपूर्वाधार** | : | ● बान्नीगढी जयगढ गाउँपालिकासँगको साझेदारीमा वडा नं. ४ |

| | | | |
|---|---|---|---|
| | आयोजना | | तिमिल्सेनमा ५७३ मिटर सिचाई कुलो निर्माण जयवाट ७५ घरपरिवार लाभान्वित ) |
| | उन्नत प्रविधी प्रर्दशन तथा हस्तान्तरण | | • जलवायु परिवर्तनको असर कारण बदलिदो मौषमबाट समुदायका मानिसहरुले सामना गर्दै आईरहेको विभिन्न किसिमका प्रकोपजन्य र दबाबहरुबाट उनीहरुको संशोचन गर्ने क्षमता अभिवृद्धि गरी उनीहरुलाई उत्थानशिल बनाउन तपशिल अनुसारको उन्नत प्रविधिहरुको प्रर्दशन, हस्तान्तरण र रुपान्तरणमा जोड दिएको छ ।<br>• बान्नीगढी जयगढ गाउँपालिका वडा नं. ४ तिमिल्सैनमा पानीको सम्भावित मुहान भएका ठाउँको खोजी गरि १० वटा रिचार्ज पोखरीको निर्माण र वृक्षारोपण गरेको ।<br>• ३५ वटा पलास्टिक घर निर्माणमा सहयोग ३५ सुक्ष्म थोपा सिचाई प्रविधि, नर्सरी व्यवस्थापन, २० वटा पलाष्टिक घरमा थोपा, सिचाई किचन गार्डन, गार्डन पाईप, ब्याड व्यवस्थापन, एकिकृत शत्रुजीव व्यवस्थापन, सुधारी गोठ व्यवस्थापन, उन्नत जातको तरकारीको विउ विजन वितरणमा जोड, स्थानीय जातका बाखा तथा उन्नत जातका बोका वितरण । |
| | लाभान्वित जनसंख्या | : | • परियोजना वाट प्रत्यक्ष अप्रत्यक्ष गरि जम्मा ७३८२ कृषक लाभान्वित भएका |
| | मुख्य उपलब्धीहरु | | • स्मार्ट परियोजना अर्न्तगत २८५ जना कृषक घरपरिवार स्मार्ट कोप अर्न्तगत रजिस्टेशन भई कृषि सम्बन्धि जानकारी लिन सहयोग पुगेको ।<br>• परियोजना क्षेत्रमा २ संकलन केन्द्र र २ वटा उपसंकलन केन्द्र संचालनमा आई कृषकहरुको उत्पादनलाई सहजरुपमा वजारीकरण गर्न सहयोग पुगेको । (आ.व. ०७५।०७६ को लग बुक अनुसार ७५ टन केजी संकलन र विकी)<br>• परियोजना क्षेत्रका ६ वटा कृषि तथा बहुउद्देशीय संस्थाको संस्थागत विकासका लागि सहयोग पुराएको ।<br>• बान्नीगढी जयगढ गाउपालिका वडा नं. १ मा गिफ्ट परियोजना अर्न्तगत वाखा पालनका लागि गरिएको सहयोग अनुसार १५ जना किसानले वाखा अन्य १५ घरपरिवारलाई वितरण गरेको । |

| | | | |
|---|---|---|---|
| २ | कार्यक्रमको नाम | : | **उत्तरदायी, पारदर्शी तथा जवाफदेही स्थानीय सुशासनका लागि सहभागितामुलक, समावेशि तथा वृहत नागरिक अभियान (परिवर्तन परियोजना)** |
| | कार्यक्रमको उद्देश्य | : | • स्थानिय स्तरको सुशासन प्रकृयामा सम्पूर्ण नागरीकहरुको अर्थपूर्ण सहभागीता अभिवृद्धि गर्ने ।<br>• सुशासन प्रकृयामा पारदर्शिता तथा जवाफदेहिता प्रवर्द्धन गर्नकोलागि स्थानिय समुदाय तथा उनीहरुको संगठनको सशक्तिकरण तथा सवलिकरण गरी सशक्त रुपमा उनीहरुलाईस्थानीय सरकारको सुशासन प्रकृयामा समावेश गराउन सहयोग गर्ने । |
| | कार्यक्षेत्र | | ईयु/डिसिय नेपाल र मालिका विकास संघ नेपालको साझेदारीमा मंगलसेन नगरपालिको वडा नं. ४, ५, १२, १४, पञ्चदेवल विनायक नगरपालिका वडा नं. १, २, ४, ५ र चौरपाटी गाउँपालिका वडा नं. १, २, ३, ४ मा संचालन गरिरहेको छ । |
| | कार्यक्रमको अवधि | : | सन् १ फेवुवरी२०१९ ३१ डिसेम्बर २०२२ सम्म |
| | दातृ निकाय | : | ईयु/डिसिय नेपाल |
| | कार्यक्रमको लागत रकम | : | रकम रु. ३,६३,३५,८२० |

| | | | |
|---|---|---|---|
| | **खर्च रकम रु** | | रकम रु. ३,६६८,८१३ |
| | **विषयगत क्षेत्र** | : | • सामाजिक परिचालन तथा क्षमता विकास (CSOs)<br>• विद्युतीय शासन (सामुदायिक सूचना केन्द्र स्थापना(CIC)<br>• जीविकोपार्जन सुधार |
| | **क्षमता विकास** | : | स्थानीय तहका जनप्रतिनिधि, कर्मचारी र नागरिक समाज संस्थाका प्रमुख तथा प्रतिनिधिहरुको उत्तरदायित्व, पारदर्शिता, जवाफदेहीता प्रवर्द्धनका क्षेत्रमा क्षमता विकासका काम गर्ने । |
| | **आयआर्जन क्रियाकलाप** | :<br>: | स्थानीय सरकारसँगको समन्वयमा नागरिक समाज संस्थाहरुले तयार पारेका सामुदायिक कार्ययोजना कार्यान्वियन सहयोग तथा कार्यान्वियनका लागि वकालत गर्ने |
| | **लाभान्वित जनसंख्या** | : | ३ वटा स्थानीय तहका ३६ वटा नागरिक समाज संस्थाहरु |
| | **असार मसान्तसम्म सम्पादन भएका क्रिया कलाप तथा उपलब्धीहरु** | | • ३ वटा पालिकामा परियोजना अभिमुखीकरण गोष्ठि सम्पन्न भएको ।<br>• ३ वटा पालिकामा नागरिक समाज संस्थाहरुको पहिचान, गठन तथा पुर्नगठन सम्पन्न भएको ।<br>• सुशासन पाठशाला संचालनका लागि स्थानीय सहजकर्ता छनौट तथा प्रशिक्षक प्रशिक्षण तालिम सम्पन्न ।<br>• स्मार्टपालिका मोवाईल एप्प निर्माणका लागि पालिकासँग समझदारी प्रश्चात स्वयंसेवक छनौट गरि एक दिने अनुशिक्षण पश्चात घरधुरी सर्वेक्षणको काम भईरहेको । |
| ३ | **कार्यक्रमको नाम** | **नेपालमा सार्वजनिक जवाफदेहिता प्रवर्द्धनका लागि प्रविधिको दिगो प्रयोग ( सुशासन)** | |
| | **कार्यक्रमको उद्देश्य** | • लोकतान्त्रिक निर्णय प्रक्रियाहरुमा नागरिक मुख्यतया महिला तथा सिमान्तकृत समुहको समतामुलक एंवम समावेशी सहभागिताको सवलीकरण गर्ने ।<br>• सार्वजनिक संस्थाहरुमा विद्यमान सुशासन र जवाफदेहिता सम्बन्धि संयन्त्रहरुमा सहभागिता र त्यसको अभ्यासका लागि एकिकृत प्रविधिको प्रयोगमा नागरिकको पहुँच बढाउने ।<br>• नागरिकका विविध आवश्यकताहरुमा सार्वजनिक संस्थाहरुको उत्तरदायित्व अभिवृद्धि गर्ने । | |
| | **कार्यक्रमको अवधि** | २०१७ देखी २०२१ सम्म । | |
| | **दातृ निकाय** | अन्तर्राष्ट्रिय सहयोग तथा अध्ययन केन्द्र (सेसी, नेपाल) | |
| | **कार्यक्रमको लागत रकम** | **रकम रु. ८३५५५८३।००**<br>**(सेसी नेपाल रु ७९०६३२८, साफेवगर नपा, ३,३०,०००, वाजगापा : ११९२५५)** | |
| | **खर्च रकम** | **रु. ७९४२६६६** | |
| | **विषयगत क्षेत्र** | • खुल्ला तथ्यांक<br>• बजेट पारदर्शिता<br>• गुनासो सुनुवाई<br>• नागरिक प्रतिवेदन | |
| | **दृष्टिकोण** | • सुचना प्रविधि केन्द्रको स्थापना<br>• नागरिक र राज्यको रचनात्मक सहभागीता प्रवर्द्धन<br>• एकिकृत प्रविधिको प्रयोग सम्बन्धि सरकार र नागरिकहरुको क्षमता अभिवृद्धि<br>• अनलाईन र अफलाईन प्रविधिको विकास | |

| | | |
|---|---|---|
| | **क्षमता विकास** | ● स्थानीय सरकारका प्रतिनिधि, अधिकारी तथा नागरिक समाज संस्थाका पदाधिकारीहरुलाई नेतृत्व क्षमता विकास, लैससास नीति निर्माण, स्थानीय सरकार संचालनमा नागरिक संलग्नता सुशासन पाठशाला संचालन गरिरहेको ।<br>● स्थानीय सरकारका नीति निर्माणमा सहयोग तथा सहजीकरण गरिरहेको ।<br>● स्थानीय सरकारको आवश्यकता अनुसार प्रविधि विकास गर्न सहयोग पुराउने ।<br>● परियोजना अर्न्तगत निर्माण भएका प्रविधि (टुल्स) संचालनमा क्षमता विकास सहयोग । |
| | **प्रविधि विकास तथा हस्तान्तरण** | क) ४ वटा सुचना प्रविधि केन्द्र (टेक्नो–हव) स्थापना (साफेवगर नपा–२, बान्नीगढी जयगढ गापा–२)<br>ख) २ वटा स्थानीय सरकारको खुल्ला डाटा पोर्टल तथा हस्तान्तरण<br>ग) प्रविधि औजार तथा संयन्त्रहरु निर्माण तथा हस्तान्तरण<br>● गाउँ/नगर सभाका निर्णयहरु<br>● गाउँ/नगरपालिकाको नीति कार्यक्रम तथा बजेट<br>● गाउँ/नगरपालिकाको विद्युतीय प्रोफाईल (ई–प्रोफाईल)<br>● गाउँ वा नगरपालिकाको आकर्षणका केन्द्र *(Point of Interest)* नक्सा<br>● गाउँ वा नगरपालिकाको जनतासँग जनप्रतिनिधि *(Mun Voice)*<br>● जनशक्ति डाटावेस र समुह सन्देश प्रणाली *(Messaging System)*<br>● दस्तावेज पुस्तकालय *(Document Library)*<br>● डाटा हव *(Data Hub)*<br>● गुनासो व्यवस्थापन प्रणाली<br>● विद्युतीयनागरिक वडा पत्र<br>● पालिकाको मोवाइल एप्प<br>● दिगो विकास लक्ष्य चित्रण<br>● नागरीक अंक पत्र र बर्हिगमन अभिमत |
| | **लक्षित वर्ग र जनसंख्या** | ● २ वटा स्थानीय तहका ३० वटा नागरिक समाज संस्थाका प्रतिनिधि तथा अन्य गरि परियोजनाका क्षेत्रका २० हजार महिला, दलित, पछाडी पारिएका वर्ग, यूवा सम्म पुग्ने ।<br>● क्षमता विकासमा हाल सम्मको प्रगति प्रत्यक्ष रुपमा ४२५९ जसमा ( पुरुष : १९६५ महिला : २२९४ पछाडी पारिएका वर्ग : २७३६ यूवा : २३९९) |